# कोभिड-१९ का लागि कार्यस्थल मूल्याङ्कन

तल दिइएको कार्यस्थल मूल्याङ्कन औजारलाई कोभिड-१९ का लागि तयार हुने र सम्बोधन गर्ने नीति तथा कार्यविधिहरू विकसित गर्न रोजगारदाताहरू/कार्यस्थलहरूलाई मद्दत गर्न प्रयोग गरिनु पर्छ।. कोभिड-१९ को प्रसार सीमित पार्नका लागि व्यावहारिक उपभोक्ता आश्वासनको उच्चतम तह प्रदान गर्न निम्नलिखित कदमहरूको पहिचान, कार्यान्वयन र अनुगमन गरेर, यो व्यावहारिक हुने अधिकतम हदसम्म सर्वसाधारणको स्वास्थ्य, सुरक्षा र कल्याणलाई सुरक्षित राख्ने एउटा प्रयास हो। निम्नलिखित कदमहरू पालना सुनिश्चित गर्नका लागि स्व-अनुगमन गरिने हुन् र पालना नभएको खण्डमा तुरुन्त सच्याउनका लागि सिफारिस समेत गरिन्छ।

सबै रोजगारदाताहरूले कसरी कोभिड-१९ को प्रसारलाई राम्ररी न्यूनीकरण गर्ने र आफ्नो कार्यस्थलमा त्यसको प्रभावमा कमी ल्याउने विषयमा विचार गर्न आवश्यक छ। यसमा तल दिइएका क्षेत्रहरूमध्ये एक वा बढीमा गरिने क्रियाकलापहरू सामेल छन्:

a. कर्मचारीहरूबीच रोग फैलनमा कमी ल्याउने,
b. स्वस्थ व्यवसाय सञ्चालन कायम राख्ने, र
c. स्वस्थ कार्य वातावरण कायम राख्ने।

यस स्व-मूल्याङ्कनका प्राप्तिहरूलाई विशिष्ट कोभिड-१९ तयारी क्रियाकलापहरूलाई लक्ष्यित गर्न प्रयोग गर्न सकिन्छ, जहाँ रोजगारदाताहरूल आफ्ना कामदारहरूलाई सुरक्षित राख्दै तुरुन्त ध्यान दिन सक्छन्।

यो औजारलाई स्व-मूल्याङ्कन मार्गदर्शकका रूपमा प्रयोग गरिनु पर्छ र यदि व्यवसाय वा कार्यस्थलमा कोभिड-१९ को प्रकोप भएको खण्डमा सामुदायिक स्वास्थ्य अधिकारीहरूद्वारा समीक्षाका लागि अनुरोध गर्न सकिनेछ।

| | |
|---|---|
| मूल्याङ्कन पूरा गर्ने व्यक्तिको नाम | |
| सङ्गठन | |
| मिति | |

**कार्यस्थल जानकारी**

| | |
|---|---|
| सुविधाको नाम | |
| सुविधाको अवस्थिति | |
| सुविधाको सम्पर्क बिन्दु (पिओसि) को नाम | |
| पिओसि पद/दर्जा | |
| पिओसि फोन | |
| पिओसि इमेल | |
| सबैभन्दा ठूलो सिफ्टमा कर्मचारीहरूको सङ्ख्या | |



04/22/2020

**यदि लागू हुन्छ भने, कर्मचारीहरू वा वर्गहरू (जस्तै सिफ्टहरू, स्थानहरू) को किसिम उल्लेख गर्नुहोस्:**

☐ मेरो कार्यस्थल एउटा भौतिक स्थानमा एउटा सुविधा हो

☐ मेरो कार्यस्थल एउटा सम्पत्ति परिसरभरि अवस्थित बहु सुविधाहरू हुन्

☐ मेरो कार्य स्थल धेरै सम्पत्ति परिसरभित्र अवस्थित बहु सुविधाहरू हुन्

☐ अन्य (उल्लेख गर्नुहोस्):

| **A. कर्मचारीहरूबीच रोग फैलनमा न्यूनीकरण गर्नुहोस्** | | |
|---|---|---|
| **मूल्याङ्कन गरिनु पर्ने तत्त्वहरू** | **मूल्याङ्कन (हो/होइन)** | **नोट/सुधारका क्षेत्रहरू** |
| सक्रिय रुपमा बिरामी कर्मचारीहरुलाई घरमा बसाउन आवश्यक गर्नुहोस्। | | |
| • के लक्षणहरू (जस्तै, ज्वरो, खोकी, श्वासप्रश्वासको न्यूनीकरण, शरीरको पीडा, स्वाद/गन्धको क्षति, चिसो लाग्नु आदि,...) भएका कर्मचारीहरूलाई घरमा बस्न निर्देशन दिइयो र के कर्मचारीहरूले कर्मचारी स्वास्थ्य नीतिमा तालिम र शिक्षक पाएका छन्? | | |
| • यदि कर्मचारीहरूले घरमा हुँदा लक्षणहरू विकसित गरे भने, उनीहरूको सुपरिवेक्षकलाई सूचीत गर्ने प्रणालीहरू स्थापित गरिएका छन्? | | |
| • के बिरामी कर्मचारीहरूलाई घरमा बस्न, उनीहरूको सुपरिवेक्षकलाई सूचीत गर्न, र बिरामी हुँदा के गर्ने भन्नका लागि सिसिडिले सिफारिस गरेका मार्गदर्शनहरू ? पालना गर्नका लागि भनिएको छ? | | |

| | | |
|---|---|---|
| | | |
| • के बिरामी कर्मचारीहरूलाई कहिले काममा फर्किने हो भनेर निर्धारण गर्न स्वास्थ्यस्याहार प्रदाकहरू र राज्य तथा वा स्थानीय स्वास्थ्य विभागहरूसँग परामर्श गर्न भनिँदै छ? राज्य अधिनियम तथा नियमनहरू अनुसार काममा फर्किनु अघि नियामक निकायबाट स्वीकृति आवश्यक हुँदा सम्पूर्ण लागूयोग्य लाइसेन्स आवश्यकताहरू लागू हुनेछन्। | | |
| *काममा हुँदा कहाँ र कसरी कामदारहरू कोभिड-१९ मा अनावृत्त हुन सक्छन् पहिचान गर्नुहोस्।* | | |
| • सम्भावित अनावृत्तीकरणबाट कामदारहरूलाई कसरी सुरक्षित राख्ने भन्ने जानकारीका लागि के सुविधाले ओशा कोभिड-१९ वेबसाइट र रोजगारदाताहरूका लागि मार्गदर्शन समीक्षा गरेको छ? | | |
| • के सुविधाले गम्भीर बिरामीको उच्च जोखिममा भएका हुनसक्ने कर्मचारीहरूका लागि अतिरिक्त सामाजिक पृथकीकरण वा अन्य ओशा स्वीकृत विधिहरूमाथि विचार गरेको छ? | | |
| *ज्वरो र लक्षणहरूका लागि कर्मचारीहरूको अनुगमन गर्नुहोस्* | | |
| • के कर्मचारीहरूलाई सुविधामा आइपुग्दा ज्वरो(>१००.४° फा.) र अन्य कोभिड-१९ का लक्षणहरूका लागि स्क्रिन गरिँदैछ? | | |
| • के सुविधाले यस स्क्रिनिङ जानकारीको प्रक्रियाबद्ध अभिलेखीकरण गरिरहेको छ? | | |
| • के कर्मचारीहरूलाई काममा हुँदा अनुगमन गर्न र कुनै लक्षणहरू विकसित गरे तुरुन्तै सुपरिवेक्षकलाई रिपोर्ट गर्न सम्झाइँदैछ? | | |
| *बिरामी कर्मचारीहरूलाई छुट्याउनुहोस्* | | |
| • के काममा आइपुग्दा कोभिड-१९ का लक्षणहरू देखिएजस्ता हुने वा दिनभरिमा बिरामी हुने कर्मचारीहरूलाई तुरुन्तै अन्य कर्मचारीहरू, ग्राहकहरू, र आगुन्तुकहरूबाट छुट्याएर घर पठाइँदैछ? | | |

| | | |
|---|---|---|
| • के सुविधाले कुनै कर्मचारीलाई कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको खण्डमा, उसका सहकर्मी कर्मचारीहरूलाई कोभिड-१९ मा सम्भावित अनावृत्तिकरणका बारेमा सूचीत गर्नका लागि प्रोटोकलहरू स्थापित गरेको छ? सुविधाहरूले असक्तता भएका अमेरिकीहरू(एडिए) अधिनियमको आवश्यकता अनुसार गोपनीयता कायम राख्नु पर्नेछ। | | |
| *कर्मचारीहरूलाई उनीहरूले कसरी कोभिड-१९ को प्रसारण न्यूनीकरण गर्न सक्छन् भनी शिक्षित बनाउनुहोस्।* | | |
| • के कर्मचारीहरूलाई आफूहरूलाई काममा र घरमा कसरी सुरक्षित राख्न सक्छन् भन्ने कुराका चरणहरू का बारेमा शिक्षित बनाइएको छ? | | |
| • के कर्मचारीहरूलाई ज्येष्ठ मानिसहरू र गम्भीर दीर्घकालीन मेडिकल समस्याहरू भएका मानिसहरू जटिलताको उच्च जोखिममा हुन्छन् भनी सूचीत गरिएको छ? | | |
| • के कर्मचारीहरूलाई बिरामी, सफाई र किटाणुनासन, र कार्य बैठकहरू तथा यात्रासँग सम्बन्धित तपाईँको रोजगारदाताका नीति तथा कार्यविधिहरू पालना गर्नका लागि निर्देशन दिइएको छ? | | |
| • के कर्मचारीहरूलाई मेडिकल स्याहार प्राप्त गर्न देखि बाहेक घरमै बस्ने सहित आफू बिरामी हुँदा के गर्ने भन्ने विषयमा सिफारिस गरिएका मार्गदर्शनहरूबारे शिक्षित बनाइएको छ? | | |
| • के कर्मचारीहरूलाई आफ्नो घरमा कोही कोभिड-१९ को बिरामी भए कसरी र कहिले आफ्ना सुपरिवेक्षकलाई सूचीत गर्ने भन्ने सूचीत गरिएको छ? यदि तपाईँको घरमा कोही बिरामी भए के गर्ने भन्ने कुराका लागि सिडिसि मार्गदर्शन समीक्षा गर्नुहोस्। | | |
| • के कर्मचारीहरूलाई कम्तीमा २० सेकेन्डका लागि साबुन र पानीले आफ्ना हातहरू बारम्बार (खोकी वा हाच्छ्यूँ गरिसकेपछि पनि) धुन वा अन्यथा राज्य अधिनियम तथा नियमनहरू अन्तर्गत लागूयोग्य लाइसेन्स आवश्यकता अनुसार गर्न शिक्षित बनाइएको छ? लागूयोग्य राज्य आचारसंहिता आवश्यकताहरू पूरा गरेपछि केही कार्य व्यवस्थापनहरूमा यदि साबुन र पानी उपलब्ध नभए कम्तीमा ६०% अल्कोहल भएको हाते स्यानिटाइजर प्रयोग गर्न सकिन्छ। | | |
| • के कर्मचारीहरूलाई नधोएका हातहरूले आफ्ना आखाँ, नाक र मुख छुनबाट बच्न निर्देशित गरिएको छ? | | |

| | | |
|---|---|---|
| • के कर्मचारीहरू र वातावरणीय स्टाफलाई कार्यस्टेसन, किबोर्ड, टेलिफोन, इलेक्ट्रोनिक हाते उपकरण, हातेरेल, बत्तीका स्वीच तथा ढोकाका नबहरू जस्ता बारम्बार छोइने वस्तुहरू र सतहहरूलाई कसरी सफा र किटाणुनासन गर्ने सूचीत गरिएको छ? कृपया कोभिड-१९ को कारण सार्स-कोभ-२ विरुद्ध प्रयोग गर्नका लागि इपिएको मापदण्ड पूरा गर्ने उत्पादनहरूको सूची समीक्षा गर्नुहोस्। | | |
| • के कर्मचारीहरूलाई सम्भव भएसम्म, अन्य कर्मचारीहरूको फोन, डेस्क, कार्यालय, अन्य कार्य औजार र उपकरण, वा भाँडा वा बर्तनहरू प्रयोग गर्नबाट बच्न निर्देशित गरिएको छ? आवश्यक भएमा, के तपाईंले ती सरसामान प्रयोग गर्नु अघि र पछि सफा गर्नु र किटाणुनासन गर्नु हुन्छ? | | |
| • के घरबाटै ड्युटी गर्न सक्ने सम्पूर्ण कर्मचारीहरूलाई टेलिवर्किङको अवसर प्रदान गर्नका लागि कार्यस्थल नीतिहरू कार्यान्वयन गरिएका छन्? | | |
| • के कर्मचारीहरूलाई सम्भव भएसम्म ठूला जमघटहरूबाट बचेर तथा अन्यहरूबाट दूरी (करिब ६ फिट वा २ मिटर) कायम गरेर सामाजिक पृथकीकरण कसरी अभ्यास गर्ने बारेमा शिक्षित बनाइएको छ? | | |
| • के कर्मचारीहरूलाई स्थल भ्रमण/बैठकहरूका लागि वैकल्पिक विधिहरू (जस्तै भिडियो सम्मेलन) का बारेमा निर्देशित गरिएको छ? | | |
| • गर्नै पर्ने व्यक्ति-उपस्थित बैठकहरूका लागि, पछिको कुनै मितिमा सम्पर्क ट्रेसिङ आवश्यक हुनसक्छ भनेर के तपाईंले आगन्तुक अभिलेख र उपस्तिति राख्नु भएको छ? | | |
| • के कर्मचारीहरूलाई आवश्यक हुँदा (जस्तै, बैठकहरू, स्थलगत भ्रमण) बाहेक, भ्रमणकर्ताहरू र गैर-अत्यावश्यक पर्सोनेलहरूलाई निषेध गर्न प्रशिक्षित गरिएको छ? | | |
| • के आगन्तुकहरूलाई सुविधामा प्रवेश गर्न निषेध गर्न सल्लाह दिने सङ्केतहरू सुविधाका प्रवेशद्वारहरूमा पोस्ट गरिएको छ? | | |
| • यदि भ्रमणकर्ताहरू आवश्यक छन् भने, के सम्भावित आगन्तुकहरूलाई प्रवेश गर्नु अघि ज्वरो र श्वासप्रश्वासका लक्षणहरूका लागि स्क्रिन गरिन्छ, जसले गर्दा लक्षण भएकाहरूलाई प्रवेष निषेध गर्न सकियोस्? | | |

| | | |
|---|---|---|
| • यदि भ्रमणकर्ताहरू आवश्यक छन् भने, के तिनीहरूलाई भवनभित्र हुँदा अनुहारको आवरण/मास्क लगाउन तथा आफ्नो पहुँच कमभन्दा कम स्थानमा सीमित राख्न लागि निर्देशित गरिएको छ? | | |
| • के तपाईँले आफ्ना कर्मचारीहरूलाई कपडा/अनुहार आवरण तथा अन्य व्यक्तिगत सुरक्षात्मक उपकरण (पिपिइ) को प्रयोग बारे तालिम दिनु भएको छ? त्यस्तो प्रशिक्षणमा कहिले पिपिइ प्रयोग गर्ने, किन पिपिइ आवश्यक छ, उपयुक्त विधिले कसरी पिपिइ लगाउने, प्रयोग गर्ने र फुकाल्ने, र उपयुक्त रूपमा कसरी पिपिइ नष्ट गर्ने कुरा सामेल हुनु पर्नेछ। | | |
| • के कार्यस्थलमा कोभिड-१९ को प्रसारण रोक्नका लागि सर्वोत्तम अभ्यासहरूबारेको शिक्षा, सम्पूर्ण कर्मचारीहरूलाई बारम्बारका रिमाइन्डरहरू सहित, जारी रहेको छ? | | |
| • के कर्मचारीहरूलाई कोभिड-१९ बारेका सञ्चारहरू उनीहरूले चाहेको भाषामा प्रदान गरिइरहिएको छ? | | |
| **B. स्वस्थ व्यवसाय सञ्चालन कायम राख्नुहोस्** | | |
| **मूल्याङ्कन गर्नु पर्ने तत्त्वहरू** | **मूल्याङ्कन (हो/होइन)** | **नोटहरू/सुक्षारका क्षेत्रहरू** |
| • के तपाईँले कुनै कार्यस्थल संयोजक पहिचान गर्नुभएको छ, जो कोभिड-१९ का मुद्दाहरू र कार्यस्थलमा तिनको प्रभावका लागि जिम्मेवार होस्, जसले स्थानीय स्वास्थ्य विभागसँग सम्पर्क बिन्दुका रूपमा पनि काम गर्न सकोस्?<br>○ कार्यस्थल संयोजकको नाम, फोन नम्बर र इमेल: | | |
| • के तपाईं कार्यस्थलका लागि कोभिड-१९ सिफारिसहरूका विषयमा सामुदायिक स्वास्थ्य सञ्चारहरूको निरन्तर अनुगमन गरिरहनुभएको छ र सबै कामदारहरूको पहुँच सो जानकारीमा रहेको र उनीहरूले सो बुझेको सुनिश्चित गरिरहनुभएको छ? | | |

NORTH Dakota | Health
Be Legendary.™

| | | |
|---|---|---|
| • के तपाईँले लचकदार बिरामी बिदा र गैर-दण्डात्मक सहयोही नीति तथा अभ्यासहरू कार्यान्वयन गर्नुभएको छ? यी कार्यान्वयन गर्नका लागि विकल्पहरू र रणनीतिहरू यहाँ प्राप्त गर्न सकिन्छ: https://www.cdc.gov/coronavirus/2019-ncov/community/guidance-business-response.html | | |
| के तपाईँले आफ्ना अत्यावश्यक प्रकार्यहरू तथा तपाईंका सेवा वा उत्पादनहरूमा अरू र समुदायको निर्भरताको मूल्याङ्कन गर्नुभएको छ?<br>• के तपाईँले महत्त्वपूर्ण सञ्चालनहरू कायम राख्नका लागि आफ्ना व्यवसाय अभ्यासहरू परिवर्तन गर्नुभएको छ?<br>• महत्त्वपूर्ण सरसामान तथा सेवाहरूका लागि के तपाईँले वैकल्पिक आपूर्ति शृङ्खला पहिचान गर्नुभएको छ?<br>• के तपाईँले आफ्नो व्यवसायका लागि करार वा अस्थायी कर्मचारीहरू प्रदान गर्ने कम्पनीहरूसँग बिरामी कर्मचारीहरू घरमा बस्नुको महत्त्वबारे कुरा गर्नुभएको छ? | | |
| *अनुपस्थिति चुलिएमा कसरी सञ्चालन गर्ने निर्धारण गर्नुहोस्* | | |
| • के तपाईँसँग कार्यस्थलमा अनुपस्थिति अनुगमन र सम्बोधन गर्ने कुनै योजना छ? | | |
| • यदि सामान्य अनुपस्थितिभन्दा बढी अनुपस्थिति भएमा के तपाईँ आफ्नो अत्यावश्यक व्यवसाय प्रकार्य जारी राख्नका लागि योजनाहरू कार्यान्वयन गर्न सक्नुहुन्छ? | | |
| • यदि प्रमुख कर्मचारीहरू अनुपस्थित भए भने कार्यस्थल सञ्चालन गर्नका लागि अत्यावश्यक प्रकार्यहरू सम्पादन गर्न कर्मचारीहरूलाई क्रस-प्रशिक्षण प्रदान गर्नुभएको छ? | | |
| *सामाजिक पृथकीकरणका लागि नीति तथा अभ्यासहरू स्थापित गर्नुहोस्* | | |
| • के तपाईँले लचकदार कार्यस्थलहरू (जस्तै, टेलिवर्क) कार्यान्वयन गर्नुभएको छ? | | |
| • के तपाईँले लचकदार कार्य समय (अलग अलग गरिएका सिफ्टहरू) कार्यान्वयन गर्नुभएको छ? | | |
| • के तपाईँले कार्यस्थलमा, ब्रेकका क्षेत्रहरू र लन्च कक्षहरूमा समेत, कर्मचारीहरूबीच भौतिक दूरी वृद्धि गर्नुभएको छ? सामाजीक पृथकीकरण ६ फिट वा सोभन्दा बढी हुनु पर्नेछ। | | |

| | | |
|---|---|---|
| • के तपाईंले कर्मचारीहरू र ग्राहकहरूबीच भौतिक स्थान वृद्धि गर्नु भएको छ (जस्तै, ड्राइभ थ्रु, पार्टिसनहरू)? | | |
| • के तपाईँले लचकदार बैठक र यात्रा विकल्पहरू (जस्तै, गैर-अत्यावश्यक बैठक र आयोजनाहरू पछि सार्ने) कार्यान्वयन गर्नुभएको छ? | | |
| • के तपाईँले सञ्चालनहरूलाई घटाउने बारे छलफल गर्नुभएको छ? | | |
| • के तपाईंका सेवाहरू मध्ये कुनै टाढाबाट प्रदान (डेलिभर) गरिन सक्छन् (जस्तै, फोन, भिडियो, वा वेब)? | | |
| • के उत्पादनहरूलाई बाटाछेऊको पिक-अप वा वितरण मार्फत डेलिभर गर्न सकिन्छ? | | |
| • के आएका डेलिभरीहरूलाई लोडिङ डकहरू वा अन्य स्थानमा छोड्न सकिन्छ जहाँ व्यक्तिहरू आमुन्ने-सामुन्ने भैरहन आवश्यक हुँदैन। | | |
| अनुहारका मास्कहरूको र व्यक्तिगत सुरक्षात्मक उपकरणहरूको उपलब्धता वृद्धि गर्नुहोस् | | |
| • के तपाईं मास्क प्रदान गर्न वा मास्कको कमी भएमा कर्मचारीलाई आपूर्ति गरिएको कपडाको अनुहार आवरण स्वीकृत गर्न सक्षम हुनुहुन्छ? | | |
| • के तपाईँले अनुहार मास्क/कपडाको अनुहार आवरण र अन्य महत्त्वपूर्ण सामग्रीहरू (जस्तै, अल्कोहल-आधारित ह्यान्ड रब, इपिए-रजिस्टर्ड किटाणुनासक, टिस्यू) को वर्तमान आपूर्तिको मूल्याङ्कन गर्नुभएको छ? | | |
| • के सबै कर्मचारीहरूलाई कार्यस्थलमा हुँदा **सबै समयमा** अनुहार मास्क/कपडाको अनुहार आवरण लगाउनका लागि निर्देशित गरिँदैछ? | | |
| **C. स्वस्थ कार्य वातावरण कायम राख्नुहोस्** | | |
| **मूल्याङ्कन गर्नु पर्ने तत्त्वहरू** | **मूल्याङ्कन (हो/होइन)** | **नोटहरू/सुधारका क्षेत्रहरू** |
| • के तपाईँले भवनको भेन्टिलेसन प्रणालीको प्रयोग गरेर इन्जिनियरिङ नियन्त्रणहरूमा सुधार गर्ने बारे विचार गर्नुभएको छ? यसमा भेन्टिलेसनको दरहरू वृद्धि गर्ने, प्रणालीमा सञ्चार हुने बाहिरी हावाको प्रतिशत वृद्धि गर्ने, वा झ्याल र ढोकाहरू खोल्ने सामेल हुन सक्छन्। | | |

| *कर्मचारीहरू, ग्राहकहरू, र कार्यस्थल आगन्तुकहरूका लागि श्वासप्रश्वास शिष्टाचार र हातको सरसफाई सशक्त बनाउनुहोस्* | | |
|---|---|---|
| • के तपाईँले सुविधाभरि टिस्यूहरू र स्पर्श-रहित नष्ट गर्न मिल्ने पात्र/फोहोर पात्र प्रदान गर्नु हुन्छ? | | |
| • के तपाईं कार्यस्थलमा साबुन र पानी प्रदान गर्नुहुन्छ? के तपाईं अल्कोहल-आधारित हाते स्यानिटाइजर प्रदान गर्नुहुन्छ? | | |
| • के तपाईँले हातको सरसफाई प्रोत्साहित गर्नका लागि विभिन्न स्थानहरूमा हाते स्यानिटाइजर राख्नुभएको छ? | | |
| • के तपाईँले हातको सरसफाई प्रोत्साहित गर्नका लागि सुविधाभरि पोस्टरहरू झुन्ड्याउनुभएको छ? | | |
| • के तपाईँले हात मिलाउने काम दुरुत्साहित गर्दै अभिवादनको अन्य कुनै सम्पर्करहित विधि प्रोत्साहित गर्नुभएको छ? | | |
| *नियमित वातावरणीय सफाई र किटाणुनासन सम्पन्न गर्नुहोस्* | | |
| • के तपाईंको कार्यस्थलले कार्यस्टेसन, किबोर्ड, टेलिफोन, हातेरेल, र ढोकाका नबहरूजस्ता सम्पूर्ण बारम्बार छोइने सतहहरू, सिडिसिको मार्गदर्शन अनुसार नियमित रूपमा सफाई र किटाणुनासन गरेको छ? | | |
| • के तपाईं नष्ट गर्न सकिने वाइपहरू प्रदान गर्नुहुन्छ जसले गर्दा आमरूपमा प्रयोग हुने सतहहरू (तस्तै, ढोकाका नबहरू, किबोर्डहरू, रिमोट कन्ट्रोलहरू, डेक्सहरू, अन्य कार्य औजार तथा उपकरण) लाई कर्मचारीहरूद्वारा प्रत्येक प्रयोग पछि सफा गर्न सकियोस्। | | |
| • के तपाईंको कार्यस्थलले कोभिड-१९ लागेको शङ्का गरिएको/पुष्टि गरिएका मानिसहरू सुविधामा आएर गएपछि सफाई र किटाणुनासन वृद्धि गर्नका लागि योजनाहरू बनाएको छ? | | |
| • के तपाईँले पर्याप्त सम्पर्क समयसहित उच्च-स्पर्श सतहरू र साझा उपकरणहरूको बारम्बारको सफाईका लागि सार्स-कोभ-२ विरुद्ध विकसित हुँदै गरेका भाइरल प्याथोजेन दाबी सहितका इपिए-रजिस्टर्ड किटाणुनासक प्रयोग गरिरहनुभएको छ? | | |

NORTH Dakota | Health
Be Legendary.™

| | | |
|---|---|---|
| *इपिएस सूची यहाँ हेर्नुहोस्:* *[https://www.epa.gov/pesticide-registration/list-n-disinfectants-use-against-sars-cov-2](https://www.epa.gov/pesticide-registration/list-n-disinfectants-use-against-sars-cov-2)* | | |
| • के तपाईंले सफाई गर्ने कामदारहरू सुविधाको स्तरीय सञ्चालन कार्यविधिहरूमा तथा ओशाको खतरा सञ्चार स्तर([https://www.osha.gov/laws-regs/regulations/standardnumber/1910/1910.1200](https://www.osha.gov/laws-regs/regulations/standardnumber/1910/1910.1200)) अनुसार कार्यस्थलमा प्रयोग गरिने सफाई रसायनहरूको खतराका विषयमा तालिमप्राप्त भएको सुनिश्चित गर्नु भएको छ। | | |
| *कर्मचारीहरूलाई यात्रा अघि/पछि अतिरिक्त तयारीहरू गर्नका लागि सल्लाह दिनुहोस्* | | |
| • के तपाईंले आफ्ना कर्मचारीहरूलाई यात्रा सुरु गर्नु अघि र यात्राबाट फर्किएपछि कोभिड-१९ का लक्षणहरू (जस्तै, ज्वरो, खोकी, श्वासप्रश्वासको न्यूनीकरण) का लागि आफैँ जाँच गर्न र आफू बिरामी भए आफ्नो सुपरिवेक्षकलाई सूचीत गरी घरमा बस्न सुझाव दिनु भएको छ? | | |
| • के तपाईंले कार्य-सम्बन्धित यात्रा आवश्यक छ कि छैन भनेर सावधानीपूर्वक विचार गर्नुभएको छ? | | |
| *बैठकहरू र जमघटहरूमा भाग लिँदा सावधान रहनुहोस्* | | |
| • भिडियो सम्मेलन वा टेलिसम्मेलन सम्भव नहुँदा, के तपाईंले बैठकहरू खुला, राम्ररी भेन्टिलेट गरिएको स्थानमा सम्पन्न गर्न सक्नुहुन्छ? | | |
| • के सुविधाले नजिकको सम्पर्क हटाउन नसकिने ठाउँमा र व्यावहारिक हुँदा, त्यसका लागि इन्जिनियरिङ नियन्त्रणहरू कार्यान्वयन गरेको छ (जस्तै, अनुहार कवच, प्लास्टिक वा प्लेक्सिग्लास डिभाइडर, भेन्टिलेसनको वृद्धि)? | | |
| **स्वास्थ्य विभागसँग सञ्चार**<br>*गम्भीर श्वासप्रश्वासको सङ्क्रमण भएका कामदारहरू, कोभिड-१९ भएको आशङ्का वा पुष्टि गरिएका कामदारहरू, वा यदि सुविधाले कामदारहरूबीच ७२ घण्टामा २ भन्दा बढी श्वासप्रश्वासको बिमारी भएका केसहरू पहिचान गरे, सो सम्बन्धमा कार्यस्थल सुविधाले स्वास्थ्य विभागलाई १-८००-४७२-२१८० मा सूचीत गर्नु पर्नेछ। यी परिस्थितिहरूले सार्स-कोभ-२ का लागि अगाडिको अनुसन्धान र परीक्षण प्रेरित गर्नु पर्नेछ।* | | |
| **मूल्याङ्कन गरिने तत्त्वहरू** | **मूल्याङ्कन (हो/होइन)** | **नोटहरू/सुधारका क्षेत्रहरू** |
| • के सुविधाले तलका मध्ये कुनै भएमा स्वास्थ्य विभागलाई तुरुन्त सूचीत गर्नका लागि कुनै प्रक्रिया स्थापित गरेको छ: | | |

| | | |
|---|---|---|
| ○ कुनै कामदारमा कोभिड-१९ को आशङ्का गरियो वा पुष्टि गरियो<br>○ कुनै कामदारलाई गम्भीर श्वासप्रश्वासको सङ्क्रमण भएको छ<br>○ कामदारहरूबीच श्वासप्रश्वासका लक्षणहरूको एउटा क्लस्टर (जस्तै, ७२ घण्टाभित्रमा दुई भन्दा बढी केसहरू)? | | |

| **सुविधासँग सम्पूर्ण कर्मचारीहरूका लागि निम्न व्यक्तिगत सुरक्षात्मक उपकरण (पिपिइ) र अल्कोहल आधारित हाते स्यानिटाइजर (एबिएचएस) को कति दिनको आपूर्ति मौज्दात छ?** | |
|---|---|
| अनुहार मास्क (सर्जिकल/उद्योग) | |
| अनुहार मास्कहरू (कपडा) | |
| आँखा सुरक्षण/सुरक्षा ग्लासहरू | |
| नष्ट गर्न मिल्ने पञ्जाहरू | |
| गाउन/एप्रन/पोसाक | |
| एबिएचएस | |

**अतिरिक्त टिप्पणीहरू तथा सिफारिसहरू:**